**आकाशवाणी समाचार- नेपाली**

मितिः ०६ नोभेम्बर २०२४

समयः १६:५० - २०:०० बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

**१.** प्रधानमन्त्री तथा भाजपाका वरिष्ठ नेता नरेन्द्र मोदीले -महायुती सरकारले महाराष्ट्रको मराठवाडा क्षेत्रको विकासको लागि अथक प्रयास गरेको बताउनुभएको छ।

**२.** उपराष्ट्रपति जगदीप धनखडले विकसित राष्ट्र बन्ने लक्ष्य हासिल गर्न अनुसन्धान र नवप्रवर्तन प्रमुख तत्व भएको बताउनुभएको छ|

**३.** बहुप्रतिक्षित एन्डुरो माउन्टेन बाइकिङ रेस मोन्डुरोको चौथो संस्करण अरुणाचल प्रदेशको तवाङमा सुरु भएको छ|

**४.** महाराष्ट्र र झारखण्डको विधानसभासँगै विभिन्न राज्यका उपचुनावहरुको प्रचार अभियान तिब्र गतिमा चलिरहेको छ|

**५.** नेपालको काठमांडू स्थित भृकुटीमण्डपमा जारी दोस्रो वैदिक तथा आधुनिक विज्ञान सम्मेलनमा हजारौँ स्थानीयको सहभागिता ।

**प्रधानमन्त्री महाराष्ट्र**

प्रधानमन्त्री तथा भाजपाका वरिष्ठ नेता नरेन्द्र मोदीले आज भन्नुभयो -महायुती सरकारले महाराष्ट्रको मराठवाडा क्षेत्रको विकासको लागि अथक प्रयास गरेको छ। नान्देडमा एक र्‍यालीलाई सम्बोधन गर्नुहुँदै श्री मोदीले भन्नुभयो गत साढे दुई वर्षमा मराठवाडा क्षेत्रमा ८० हजार करोडभन्दा बढीको लगानी भएको छ।उहाँले यस क्षेत्रका ११ सिँचाइ आयोजनाहरू प्रकाश पार्दै नान्देडका पाँच लाखभन्दा बढी किसानहरूले प्रधानमन्त्री किसान सम्मान निधिलगायत विभिन्न योजनाहरू अन्तर्गत १.५ करोड रुपैयाँ प्राप्त गरेको जानकारी दिनुभयो।उहाँले दिल्ली–मुम्बई इन्डस्ट्रियल करिडोर, रेल कोच फ्याक्ट्री, लजिस्टिक पार्क, समृद्धि राजमार्ग, शक्तिपीठ एक्सप्रेसवे र नान्देडदेखि दिल्ली र आदमपुरका नयाँ उडानलगायतका ठूला विकासमा जोड दिंदै स्थानीय तहमा रोजगारीका धैरै अवसर सृजना हुने विश्वास व्यक्त गर्नुभयो। हरियाणामा भाजपाले रेकर्ड बहुमतका साथ सरकार बनाएको प्रधानमन्त्रीले बताउनुभयो। विधानसभा चुनावसँगै नान्देड लोकसभा सीटको उपचुनाव पनि नोभेम्बर २० मा हुनेछ।

****** ० ******

**झारखण्ड - अभियान**

झारखण्डमा विधानसभा चुनावको प्रचारप्रसार तिब्र रुपमा चलिरहेको छ । राष्ट्रिय लोकतान्त्रिक गठबन्धन र भारत गठबन्धनका शीर्ष नेताहरूले आ-आफ्नो उम्मेदवारको पक्षमा मतदातालाई आकर्षित गर्न राज्यभर सार्वजनिक सभाहरू गरिरहेका छन्|भारतीय जनता पार्टीका वरिष्ठ नेता अमित शाहले पलामुको छतरपुरमा जनसभालाई सम्बोधन गर्दै कांग्रेस नेता राहुल गान्धी अन्य पछाडीएका वर्ग, दलित र आदिवासी विरोधी भएको आरोप लगाउनुभएको थियो|अर्कोतर्फ, श्री राहुल गान्धीले भारतीय जनता पार्टीको रणनीतिको आलोचना गर्नुभएको छ भने बीजेपीको शीर्ष नेतृत्वले गरिबहरूलाई समर्थन गर्दैन तर पूंजीपतिहरूलाई समर्थन गर्दछ भनी आरोप लगाउनुभएको छ। धनबादको बाघमारामा चुनावी सभालाई सम्बोधन गर्नुगर्दै संविधानले मात्र दलित र गरिबको हितको रक्षा गर्न सक्ने पनि बताउनुभयो।

****** ० ******

**झारखण्ड-राहुल**

कांग्रेसका वरिष्ठ नेता राहुल गान्धीले भारतीय जनता पार्टीको कर नीतिको आलोचना गर्नुहुँदै भाजपाले गरिबको सट्टा पूँजीपतिहरूको पक्षमा रहेको आरोप लगाउनुभएको छ। धनबाद जिल्लाको बाघमारामा चुनावी र्‍यालीलाई सम्बोधन गर्दै, श्री गान्धीले देशमा अनुसूचित जाति, अनुसूचित जनजाति र अन्य पछाडिएका वर्गहरूको ठूलो जनसंख्या रहेको आरोप लगाउनुभएको छ भने सरकारी संस्थाहरूमा उनीहरूको पर्याप्त प्रतिनिधित्व नरेको पनि बताउनुभयो|

****** ० ******

**उपराष्ट्रपति – एनआईटी**

उपराष्ट्रपति जगदीप धनखडले विकसित राष्ट्र बन्ने लक्ष्य हासिल गर्ने अनुसन्धान र नवप्रवर्तन प्रमुख तत्व भएको बताउनुभएको छ । आज नयाँ दिल्लीमा राष्ट्रिय प्राविधिक संस्थान एनआईटीको चौथो दीक्षान्त समारोहलाई सम्बोधन गर्दै श्री धनखडले अनुसन्धान र नवीनताको क्षेत्रमा राष्ट्रको उच्च मापदण्डले विश्व समुदायमा आफ्नो स्थान परिभाषित गरेको बताउनुभयो।उहाँले शैक्षिक संस्थाले अनुसन्धान र नवप्रवर्तनका लागि आफ्नो क्षमताको उपयोग गर्नुपर्ने पनि बताउनुभयो|श्री धनखडले यस क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याउने कर्पोरेटहरुलाई आग्रह समेत गर्नुभयो ।उहाँले अनुसन्धान र नवप्रवर्तनका लागि उद्योग, व्यवसाय, व्यापारिक संघसंस्थाले उदार रुपमा आर्थिक सहयोग गर्नुपर्ने बताउनुभयो|उपराष्ट्रपतिले शिक्षामा लगानी समाजसेवाको महत्वपूर्ण औजार हो जसले मानव श्रोतलाई समृद्ध र वर्तमान र भविष्यलाई सुरक्षित बनाउँछ ।उहाँले शिक्षा वास्तवमा समाजसेवा भएको बताउनुभयो।

****** ० ******

**माउन्टेन बाइकिङ रेस**

बहुप्रतिक्षित एन्डुरो माउन्टेन बाइकिङ रेस मोन्डुरोको चौथो संस्करण अरुणाचल प्रदेशको तवाङमा सुरु भएको छ । यो एशिया एन्ड्युरो सिरिजको हिस्सा हो र विश्वको सबैभन्दा उच्च उचाइ प्रतियोगिता हो। कार्यक्रमलाई तवाङका विधायक नाम्गे छिरिङ र तामाङ ब्रिगेडका कमाण्डर ब्रिगेडियर वीएस राजपूतले झण्डा देखाएर औपचारिक रूपमा उद्घाटन गर्नुभएको थियो। अरुणाचलको पर्यटन विभागले तवाङ साइक्लिङ एसोसिएसनसँगको सहकार्यमा आयोजना गरेको हो । यो प्रतियोगिता १४ हजार चार सय फिटको उचाइबाट सुरु भई आठ हजार फिटको उचाइमा समापन हुनेछ । भारतसँगै आठ देशका प्रतियोगीहरु यसमा सहभागी छन् । यसको अभ्यास नोभेम्बर १० र ११ तारिक हुनेछ भने फाइनल प्रतियोगिता नोभेम्बर १३ र १४ तारिक हुनेछ ।

****** ० ******

**दिल्ली-महिला पुरस्कार**

हरियाणा सरकारको महिला र बाल विकास विभागले राज्यको विभिन्न क्षेत्रमा उपलब्धि हासिल गरेका महिलाहरूलाई राज्य स्तरको महिला पुरस्कार प्रदान गर्नका लागि आवेदनहरू आह्वान गरेको छ। यी अवार्डका लागि महिलाले २७ डिसेम्बरसम्म आवेदन दिन सक्नेछन् ।फरीदाबाद जिल्लाका उपायुक्त विक्रम सिंहले यो जानकारी दिनुभएको हो।उहाँले अवार्ड दिने मुख्य उद्देश्य भारतीय महिलाको भावी पुस्ताका लागि रोल मोडल बन्नका लागि विभिन्न क्षेत्रमा उत्कृष्ट काम गर्ने महिलालाई सम्मान गर्नु रहेको पनि बताउनुभयो|

****** ० ******

**महाराष्ट्र र झारखण्ड प्रचार**

महाराष्ट्र र झारखण्डमा विधानसभा चुनावका लागि प्रचारप्रसार तीव्र गतिमा भइरहेको छ र विभिन्न राजनीतिक दलका वरिष्ठ नेताहरूले आफ्ना उम्मेदवारहरूलाई समर्थन जुटाउन दुवै राज्यमा धेरै ऱ्यालीहरू र रोड शोहरू आयोजना गरेका छन्। यसैबीच प्रधानमन्त्री तथा भाजपाका वरिष्ठ नेता नरेन्द्र मोदीले महाराष्ट्रको अकोलामा जनसभालाई सम्बोधन गर्दै आफ्नो तेस्रो कार्यकालमा सरकारले करोडौं रुपैयाँको लागतमा धेरै विकास परियोजनाहरू शुरू गरेको, जसमा महाराष्ट्रमा धेरै पूर्वाधार परियोजनाहरू पनि समावेश भएको उल्लेख गर्नुभयो भने उनले विदर्भमा सिंचाई परियोजनाहरूको महत्वमाथि जोड दिनुभयो। यसैगरी राष्ट्रवादी कांग्रेस पार्टीका अध्यक्ष अजीतले पवार पुणे, सांगली र सतारामा चुनाव प्रचार गर्नुहुनेछ भने कांग्रेसका राष्ट्रीय अध्यक्ष मल्लिकार्जुन खरगेले नागपुरमा चुनावी सभालाई सम्बोधित गर्नुहुनेछ। महाराष्ट्रका सबै २८८ सिटमा यस महिनाको २० तारिखमा मतदान हुनेछ। अर्कोतिर झारखण्डमा पहिलो चरणको चुनावी अभियान सकिन तीन दिन मात्रै बाँकी छ । यसै क्रममा केन्द्रीय गृहमन्त्री तथा बीजेपी नेता अमित शाहको जमशेदपुरको छतरपुर, हजारीबाग र पोत्का विधानसभा क्षेत्रहरूमा जनसभाहरूलाई सम्बोधन गर्नुभयो । 81 सदस्यीय झारखण्ड विधानसभाको लागि यस महिनाको 13 र 20 मा दुई चरणमा मतदान हुनेछ।

****** ० ******

**मुम्बई बस दुर्घटना**

महाराष्ट्रको मुम्बई-पुणे राजमार्गमा बस र ट्रक ठोक्किँदा बसमा सवार १८ जना घाइते भएका छन् । बस चालकले गाडीको नियन्त्रण गुमाउँदा दुर्घटना भएको हो । बस मुम्बईबाट कोल्हापुर जाँदै थियो। घाइतेहरुलाई तत्काल अस्पताल भर्ना गरिएको थियो । चार महिलासहित आठ जनाको अवस्था गम्भीर रहेको पुलिसले बताएको छ|

****** ० ******

**दिल्ली टोल फ्री नम्बर**

राष्ट्रिय कानुनी सेवा प्राधिकरण-ले नागरिकलाई कानुनी सहायता र सल्लाह प्रदान गर्ने टोल फ्री नम्बर १ ५ १ ० ० सुरु गरेको छ । फरीदाबाद जिल्ला कानूनी सेवा प्राधिकरणका सचिव र मुख्य न्यायिक मजिस्ट्रेट रितु यादवले यो जानकारी दिएका छन्। कुनै पनि किसिमको कानुनी समस्या परेकाले यो नम्बरमा फोन गरी घरमै बसेर कानुनी सहयोग लिन सकिने छ। सुश्री यादवले अब समाजका कमजोर, विपन्न र असहाय वर्गका खाँचोमा परेका व्यक्तिले टोल फ्री नम्बरमा सहजै कानुनी सल्लाह लिन सक्ने बताउनुभयो । टोल-फ्री नम्बरले निःशुल्क कानुनी सल्लाह र मार्गदर्शन, निःशुल्क कानुनी सहायताका लागि आवेदन प्रक्रिया, सरकारी योजनाहरू र कानुनी सेवा प्राधिकरणहरूद्वारा सञ्चालित अभियानहरू अन्तर्गत उपलब्ध कानुनी सेवाहरू बारे जानकारी दिनेछ।

****** ० ******

**हरियाणा-डीएपी**

हरियाणाका मुख्यमन्त्री नायब सिंह सैनीले राज्यका किसानहरूलाई डीएपी मलको आपूर्ति सुनिश्चित गर्न सरकार प्रतिबद्ध रहेको बताउनु भएको छ। उनका अनुसार विभिन्न जिल्लामा २३ हजार ११८ मेट्रिक टन डीएपी उपलब्ध छ भने अबको दुई–तीन दिनमा नौ हजार १७२ मेट्रिक टन थप डीएपी प्रदेशका जिल्लामा आइपुग्नेछ ।

****** ० ******

**जापान - इन्फ्लुएन्जा**

जापानमा इन्फ्लुएन्जाका बिरामीहरू तीव्र गतिमा बढेका छन्। स्वास्थ्य मन्त्रालयका अनुसार नोभेम्बर ३ तारिकसम्म सातामा ५ हजार १२७ जनामा इन्फ्लुएन्जा देखिएको छ । गत साताको तुलनामा ८२९ मामिला बढेको छ । स्वास्थ्य अधिकारीहरूले मानिसहरूलाई बारम्बार हात धुने र मास्क प्रयोग गर्ने जस्ता नियामक उपायहरू पालना गर्न आग्रह गरेका छन्। खोपलाई उच्च जोखिम समूहका लागि विचार गर्न भनिएको छ।

****** ० ******

**काठमांडू-वैदिक और आधुनिक विज्ञान सम्मेलन**

नेपालको काठमांडू स्थित भृकुटीमण्डपमा जारी दोस्रो वैदिक तथा आधुनिक विज्ञान सम्मेलनमा हजारौँ स्थानीयको सहभागिता रहेका छन । तीन दिवसीय सम्मेलन 7 नवंबरबाट शुरू भएको थियो भने आधुनिक विज्ञान र प्राचीन वैदिक ज्ञानको प्रदर्शन गर्ने यस सम्मेलनमा विभिन्न देशका ७० जना विज्ञ तथा प्रतिनिधिको सहभागिता रहेको छ ।

****** ० ******

**बंगलादेशका कामदारहरू**

बंगलादेशका केही तयार कपडा कारखानाका मजदुरको विरोधका कारण आज बिहान गाजीपुर जिल्लाको ढाका–मैमनसिंह राजमार्गमा सवारी आवागमन रोकिएको छ । यी कर्मचारीले तीन महिनादेखि तलब पाएका छैनन् । यो राजमार्ग अवरुद्ध भएपछि मयमनसिंह, टङ्गाइल लगायत ढाका जाने बाटोमा केही किलोमिटर जाम भएको थियो । राजमार्गमा हुने यस्ता आन्दोलनका कारण आवतजावतमा निकै कठिनाई हुने र यस क्षेत्रमा वस्तु तथा सेवाको आवतजावतमा असर पर्ने स्थानीय बासिन्दाले बताएका छन् ।

****** ० ******

**दिल्ली- मौसम**

राजधानी दिल्लीमा आज मौसम सफा रहेको छ । मौसम पूर्वानुमान महाशाखाका अनुसार आजको अधिकतम तापक्रम ३३ डिग्री सेल्सियस मापन गरिएको छ । सोही समयमा न्यूनतम तापक्रम १८ डिग्री सेल्सियस थियो । मौसम विभागका अनुसार आगामी २४ घण्टामा दिल्ली र आसपासका क्षेत्रमा मौसम सामान्यतया सफा रहनेछ । बिहान हल्का कुहिरो लाग्ने सम्भावना छ ।

त्यसैगरी भोलिको अधिकतम तापक्रम ३२ डिग्री सेल्सियस र न्यूनतम तापक्रम १८ डिग्री सेल्सियसको आसपास रहने अनुमान गरिएको छ।

****** ० ******